वार्षिक वजेटलाई लिइएको हुन्छ । तथापि ऐन, नियम र कानुनको अभावमा स्थानीय तहको विकासको मूल आधारको रुपमा रहेको वजेटलाई प्रभावकारी कार्यान्वयनमा लान सक्ने गरी सभा समक्ष प्रस्तुत गर्न पाउनु आफैंमा महत्वपूर्ण छ । हामीलाई थाहा छ, साधन र श्रोत अत्यन्त सिमित छन् तर हामा ईच्छा र आकान्क्षाहरु श्रोत र साधनको क्षमता भन्दा निक्कै ठूलो छ । तथापि श्रोत, साधन र आपूर्तिको बीचमा तालमेल गराई कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, अर्थपूर्ण बनाउनु आजको आवश्यकता हो । यस कार्यमा सम्पूर्ण सदस्यज्यूहरुको सहयोग र समर्थनको आशा गरेको छु ।

अब म, यस गाउँपालिकामा उपलब्ध श्रोतलाई निम्न आधारमा सन्तुलित एवं समन्यायिक सिध्दान्तको आधारमा योजना, बजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्बन गरिएका विधि, पध्दति तथा आधारहरुको सन्दर्भमा चर्चा गर्न चाहन्छु ।

१) नेपालको संविधान ०७२, स्थानीय सरकार सञ्चालन ऐन, केन्द्र तथा प्रदेश सरकारको बार्षिक नीति, लक्ष्य, उद्देश्य, आवधिक विकास योजनाले लक्षित गरेका नीति तथा मापदण्ड ।

२) गाउँपालिकाले तर्जुमा गरेको रणनीतिक योजनाका लक्ष्य, उद्देश्य तथा कार्यनीति।

३) वडाको जनसंख्या तथा भौगोलिक अवस्था र बनोट ।

४) वडा तथा विशेष क्षेत्रको आर्थिक विकास र गरिबीको अवस्था ।

५) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने कार्यक्रम ।

६) स्थानीय श्रोत, साधन र सहभागितामा सञ्चालन हुने ।

७) महिला, बालवालिका तथा पिछडिएको वर्ग, क्षेत्र, लिंग, भाषा, जातिलाई लाभ पुग्ने ।

८) स्थानीय समस्या र आवश्यकताका आयोजना तथा कार्यक्रमहरु ।

९) राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका निर्णयहरु ।



१०) विकासका समसामयिक मुद्धाहरु जस्तैः जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई तथा उर्जा संकट लगायतका विषयहरुलाई लिईएको छ ।

आदरणीय दाजुभाइ तथा दिदीबहिनी महानुभावहरु,

भौगोलिक विकटताले भरिपूर्ण यस गाउँपालिकाको धरातलीय अवस्थाको बारेमा यहाँहरु सबैजना जानकार नै हुनुहुन्छ । करीब ३० हजार जनसंख्याको जनघनत्व रहेको यहाँको भौगोलिक भू-बनोट अत्यन्त कष्टकर भए तापनि महाभारत पर्वत श्रृंखलामा अवस्थित यस गाउँपालिकाको महत्व पर्यटन पर्यावरण र अमूल्य जडीबुडीको कारण धेरै छ । पर्यटनको हिसावले महत्वपूर्ण यहाँका केही क्षेत्रहरुलाई व्यवस्थित गर्ने तथा जडीबुडीको प्रशोधन गरी अन्तराष्ट्रिय बजारको व्यवस्थापन गर्न सकेमा यस क्षेत्रको आर्थिक अवस्थाको समेत सुधार ल्याउनमा सहयोग पुग्ने देखिन्छ । जनताका ईच्छा र आकांक्षालाई अधिकतम संवोधन गर्नका लागि सिमित साधन र श्रोतको समुचित सदुपयोग गर्नु आजको चुनौती हो, यसलाई कुशलतापूर्वक अवतरण गर्नको लागि हामी सबैले हातेमालो गर्दै अगाडि बढ्नुको विकल्प छैन । तसर्थ संविधान, ऐन, नियम, कानुन, परिपत्र अनुसार निति तथा कार्यक्रमले लिएका मार्ग दर्शक सिध्दान्तलाई अक्षरशः पालना गर्दै वजेट तथा योजना तर्जुमाले अंगिकार गरेका क्षेत्रमा आर्थिक अनुशासन पूर्वक क्रियान्वयन तर्फ अग्रसर हुनु हामी सबैको दायित्व हो ।

आदरणीय महानुभावहरु,

विषयगत क्षेत्रले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिको बाटोमा गाउँपालिकालाई हामी सबैले डोर्याउनु पर्दछ । वडास्तरका कार्यालयहरु देखि गाउँपालिका सम्मको कार्यालय तथा कर्मचारीको समुचित व्यवस्थापन जस्तो चुनौतीपूर्ण कार्यको लागि गाउँपालिकाले आफूलाई अब्बल सावित गर्दै वित्तिय अनुशासनको माध्यमबाट स्थानीय तहलाई आगामी ५ बर्ष भित्रमा मानव सूचांकको सूचिमा अगाडि ल्याउनु पर्दछ । यस कार्यको